# सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७९

सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर, रुपन्देही

२०७९

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सिद्धार्थनगर नगरपालिकाको स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, प्रस्तुत विधेयकले सिद्धार्थनगर नगरपालिकाको स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार सिद्धार्थनगर नगरपालिकाले गर्ने सुशासन, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार विकास समेतका लागि विनियोजन गर्न सक्ने व्यवस्था भए अनुरुप यो विनियोजन ऐन, २०७९ जारी गरिएको छ।

द्रष्टव्यः यो ऐन विनियोजन ऐन हो।

उमा अधिकारी
नगर उपप्रमुख

# सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७९

**सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९**

प्रस्तावना: सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७९।८० को सुशासन, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार विकास समेतका लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "**सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७९**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९।८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१) आर्थिक वर्ष २०७९।८० को निमित्त नगर कार्यपालिका, वडा समिति, स्वास्थ्य संस्था, विषयगत शाखाले गर्ने सेवा प्रवाह र अन्य विकास सम्बन्धी कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु १ अर्ब ३४ करोड ५४ लाख ३५ हजारमा** नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।८० को निमित्त सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) नगरसभाबाट स्वीकृत कार्यक्रममा विनियोजित रकम मध्ये कुनै कार्यक्रममा रकमको थप विभाजन गर्नुपर्ने भएमा नगर कार्यपालिका कार्यालयले आवश्यकता र औचित्यताका आधारमा मात्र थप विभाजन गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

(५) नगरसभाबाट पारित आ.ब. २०७९।८० को बार्षिक बजेट तथा कार्यक्रम विनियोजन ऐनको अंग हुनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | क्षेत्र | नगरपालिकाको कुल बजेट |
|---|---|---|
| १ | सुशासन | १ अर्ब ३४ करोड ५४ लाख ३५ हजार |
| २ | सामाजिक विकास | |
| ३ | आर्थिक विकास | |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | |
| ५ | पूर्वाधार विकास | |